२०८२ माघ १४

**श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,**
टंगाल, काठमाडौं ।

बिषय : अख्तियार दुरुपयोग तथा भ्रष्टाचारमा यथासिघ्र कार्वाही गरी पाउँ ।

महोदय,

उपरोक्त सम्बन्धमा नेपाल वायूसेवा निगमको महाप्रवन्धक नियूक्तीका सम्बन्धमा भै रहेको भ्रष्टाचारका सम्बन्धमा निम्न बमोजिम उजूरी गर्दछौं ।

१) नेपाल वायूसेवा निगम ऐन २०१९ को दफा ८ ले निगमको महाप्रवन्धकको पदमा नियूक्तिका लागी अयोग्यता तोकेको छ । उल्लेखित दफा ८(क) ले महाप्रवन्धकको पदमा कार्यरत पदाधीकारी वाहेक निगममा कार्यरत कुनै पनि कर्मचारी महाप्रवन्धकमा नियूक्त हुन नपाउने गरी अयोग्यता तोकेको अवस्था छ । निगतमा कार्यरत महाप्रवन्धक भन्दा मुनिका कर्मचारीले महाप्रवन्धकको पदमा नियूक्तीका लागी दर्खास्त समेत राख्न पाउदैनन् ।

२) हाल संस्कृती पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट महाप्रवन्धकको पदका लागी विज्ञापन गरी उमेदवारहरु सिफारिस गर्नका लागी उक्त मन्त्रालयका सचिवको अध्यक्षमा छनौट समिती गठन गरेको छ । उक्त छनौट समितीले विभिन्न व्यक्तिको आवेदन लिए पस्चात सो मध्ये १० जना लाई Short Listed गरी १० जनाको नाम प्रकासित गरेको छ । उक्त १० जना मध्येका २ जनामा निगममा यात्रुसेवा विभागको निर्देसकको पदमा कार्यरत टेकनिधी दाहाल र साविक Operation Director हाल क्याप्टेन पदमा कार्यरत दिपुराज ज्वारचन समेतको नाम प्रकासीत भएको देखिन्छ । नेपाल वायूसेवा निगम ऐन २०१९ को दफा ८(क) को कानूनी व्यवस्था बमोजिम निगममा कर्मचारीले महाप्रवन्धकको पदमा दर्खास्त नै गर्न नपाउनेमा नियूक्तीका लागी Short Listed गरेको सूचीमा नाम प्रकासित गर्नुबाट निगमको ऐन तथा अन्य प्रचलित ऐन कानूनको ठाडै उलंघन भै अख्तियारको चरम दुरुपयोग गरेको देखिन्छ । निगमको महाप्रवन्धकको पदपूर्तितका लागी गठित मन्त्रालयको सचिव जस्तो पदाधीकारीको अध्यक्षतामा गठीत समितीले उल्लेखित कानूनी व्यवस्थाको अवलोकन र अध्ययन नै नगरेको कारणले जानकारी नभएको होला भन्न कदापी पनि मिल्दैन । तसर्थ जानाजान गैरकानूनी रुपले उल्लेखित व्यक्तिहरुलाई Short Listed गरेको कार्यमा ठूलो अनियमितता र आर्थीक चलखेल भएको प्रष्टै छ ।

३) गैर कानूनी रुपले Short Listed गरिएका नेपाल वायूसेवा निगममा कार्यरत निजहरु दुवै जना व्यक्तिहरु निगम भित्रकै विभिन्न काम, कारोवारका सन्दर्भमा आर्थीक अपारदर्शीता, आर्थीक अनुसासन उलंघन, हिनामिना लगायतमा पटक, पटक विवादमा परेका विवादास्पद कर्मचारी रहेका छन् । दर्खास्त दर्ता नै हुन नसक्नेमा आवेदन स्विकार गरिनु र आवेदन स्विकार गर्न नै नमिल्ने व्यक्तिको आवेदन स्विकार गरेको कैयन योग्य मान्छेहरुलाई पन्छाइ निजहरुलाई छोटो सूची ( Short Listed ) मा पार्नु तथा निजहरुको पृष्ठभुमी आर्थीक अनुसासनको विवादमा परेको अवस्थाले धेरै ठूलो आर्थीक चलखेलबाट समितीले काम, कार्वाही गरि रहेको निर्विवाद हुदा यो छनौट समिती यथासिघ्र विगठन हुनु पर्दछ ।

४) आर्थीक अनुसासन र सुसासनको मुद्दामा भएको जेन जी आन्दोलन पस्चात गठीत सरकारद्वारा खडा गरिएको छनौट समितीले गरि रहेको काम, कार्वाही गैरकानूनी त छदैछ जेनजी आन्दोलनको माग, मर्म र भावनाको धकेल्ने प्रतिकुल देखिएको छ । सम्मानिय प्रधानमन्त्री ज्यू को निष्ठा तथा विस्वासलाई क्षती पूर्याउने तथा माननिय विभागिय मन्त्रीज्यूलाई समेत अकाट्य विवादमा ठेल्ने कार्य भएको छ । भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १९(२) ले सरकारी निकाय वा सार्वजनिक संस्थाको कामको सिल्सिलामा कुनै बिषयको जाँचबुझ गरी प्रतिवेदन दिनु पर्ने कर्तव्य भएको राष्ट्रसेवकले प्रतिवेदन दिदा बदनियतपूर्वक भए गरेका कुरा लुकाइ छिपाइ प्रतिवेदन दिएमा एक बर्ष सम्म कैद र पचास हजार सम्म जरिवाना हुने कानूनी व्यवस्था गरेको छ । निगममा कार्यरत दिपुराज ज्वारचन र टेकनिधी दाहाललाई निजहरु निगममा कार्यरता रहेको तथ्य लुकाइ छोटो सूचीमा समावेस गरेको कृया भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १९(२) को कसूर भएकोले योग्य मानिसहरुलाई पन्छाइ अयोग्य मानिसलाई नियूक्तीका लागी सूची प्रकासित गर्ने समिती विगठन गरी उक्त समितिका सम्पूर्ण पदाधीकारीलाई आवस्यक कानूनी कावार्ही गरी पाउन विनम्र निवेदन गर्दछौं । नेपाल वायूसेवा निगम ऐन २०१९ को सम्बन्धीत खण्डको फोटोकपी र विज्ञापन यसै साथ छ ।

**उजूरवाला**
नेपाल वायूसेवा निगमको महाप्रवन्धक पदको छोटो
सूचीमा अन्यायपूर्वक नपारिएका आवेदकहरु ।

**बोधार्थ :**
श्री सम्मानित प्रधानमन्त्री ज्यूको निजी सचिवालय, बालुवाटार काठमाडौ ।
श्री माननिय सस्कृती तथा पर्यटन मन्त्री ज्यूको सचिवालय, सिंहदरवार काठमाडौं ।
श्री नेपाल वायूसेवा निगम, न्यूरोड काठमाडौं ।